कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल
कर्मचारी प्रशासन उपशाखा

Google Plus Code
6M2Q+5V7 Kohalpur

प.सं.: २०७९/०८०
च.नं.: 3405

मितिः २०८०/०३/०४

श्री वडा कार्यालय (१-१५) सबै
कोहलपुर नगरपालिका, बाँके ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश स्थापनाः २०७३

**विषयः बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी थप मार्गदर्शन**

प्रस्तुत विषयमा यस नगरपालिकाका नगर प्रमुखज्यूको समुपस्थितीमा बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठकमा विभिन्न शाखा तथा वडागत योजना तथा कार्यक्रमहरुलाई अन्तिम रुप दिन छलफल हुँदा कतिपय वडाहरुबाट पेश भएको प्रस्तावित कार्यक्रममा एकरुपता नदेखिएको, आर्थिक वर्ष २०८०/८१ को लागि वडा सिलिङमा बजेट थप गरिएको उद्देश्य अनुरुपका योजनाहरु प्रस्तावित नगरिएको, साविकका वर्षहरुमा नगरपालिका बजेट तर्फ रहने गरेको चालु तथा प्रशासनिक बजेट समेत वडा सिलिङमा थप गरि पठाईने भएकोमा सो रकम समेत सिलिङमा समावेश भई योजना पेश नभएको पाईएकोले तहाँ वडा समितिमा थप छलफल गरी संसोधित प्रस्ताव मिति २०८०/०३/०५ गतेभित्र हार्ड कपी तथा अनिवार्य रुपमा अनलाईन सफ्टकपी पेश गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

<u>बजेट तथा कार्यक्रम प्रस्ताव गर्दा प्रत्येक वडाले गर्नुपर्ने थप शर्तहरु:</u>

१. प्रत्येक वडाले पूर्वाधार विकास तर्फ वडा गौरवको न्यूनतम् १० लाख बराबरको कम्तीमा एउटा योजना छनौट गर्ने, पूँजीगत तर्फ सकभर ३ लाख भन्दा साना योजना छनौट नगर्ने ।
२. विपद व्यवस्थापन कोष परिचालन कार्यविधि बमोजिम खर्च गर्ने गरी न्यूनतम् रु. ३ लाख विनियोजन
३. वडाको विद्यालय तथा शिक्षा क्षेत्रको लागि न्यूनतम् रु.५ लाख
४. वडाको आर्थिक विकासका कार्यक्रमहरुमा न्यूनतम् रु.५ लाख
५. वडाको चालु तथा प्रशासनिक खर्चमा समेत कूल सिलिङको १० प्रतिशत मा नबढ्ने गरी नेपाल सरकारको बजेट खर्च संकेत तथा वर्गीकरण बमोजिमका शीर्षकमा कार्यक्रम पेश गर्ने । (अघि पठाईएको सिलिङमा प्रति वडा प्रशासनिक खर्च तर्फ रु. ५ लाख (वडा नं २, ११ र १२ को हकमा रु ६ लाख) थप गरी संसोधित सिलिङ कायम गर्ने)

(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

info@kohalpurmun.gov.np, admin.section@kohalpurmun.gov.np
+९७७-०८१-५४०००९
www.kohalpurmun.gov.np
www.facebook.com/kohalpurmun
www.twitter.com/kohalpurmun